# समाचार सन्देश

Year 14, No.1 IPS Feature August 16-31, 2007

वर्ष १४, अङ्क २ आई.पी.एस्. लेख रचनाको सँगालो, भदौ १५–२९, २०६४ (सेप्टेम्बर १ – १५, २००७)


## बर्माले अफिम खेती घटाएँ भनेर राष्ट्रसंघलाई ढाँट्यो

– मारवान माकान-मार्कर

बैंकक (आई.पी.एस्./एन्.पी.आई.) – सैनिक शासित बर्माले पप्पी (रातो फूल फुल्ने अफिमको कच्चा पदार्थ-बनस्पति) को खेती घटाएँ भनी दिएको असत्य जानकारीका आधारमा उसलाई संयुक्त राष्ट्रसंघले प्रशंसा गरेको शान जनजाति समुदायका सदस्य तथा मानवअधिकारकर्मीले बताएका छन्। बर्मामा सैनिक जुन्टा सरकारको स्थानीय नेतृत्वलाई प्रसन्न बनाउनका लागि लागू पदार्थको कारोबार हुने गर्दछ । पप्पीको खेतीप्रति प्रशासनले आँखा चिम्म गरिदिएको छ ।

पप्पी खेती उन्मूलन गर्ने योजना यससँग सम्बन्धित बिभिन्न पक्षका बारेमा ध्यान नदिएसम्म पूरा हुन सक्तैन, थाइल्याण्डबाट प्रकाशित हुने शान हेराल्ड एजेन्सी फर न्युज (शान) का सम्पादक फुएन साइ जैयन भन्छन्। यसमा बर्माको उत्तर पूर्वी शान राज्यबाट आएका जनताका समाचारहरू प्रकाशित हुन्छन्। समस्याको मूल जरो बर्मेली सैनिक सरकार नै हो । सेना नै लागू औषध व्यापारमा संलग्न भएपछि कसको के लाग्छ ।

'हरेक चरणमा बर्मेली सेना नाफा कसरी कमाउने भन्ने कुरामै केन्द्रित देखिन्छ। जुन्टा सरकार लागू औषध निर्मूल गर्ने सन्दर्भमा गम्भीर नै छैन' सेप्टेम्बर महिनाको दोस्रो साता शान राज्यमा भएको पप्पी खेतीका सम्बन्धमा प्रकाशित प्रतिबेदनमा उनले भनेका छन् । 'अन्य क्षेत्रको दाँजोमा बर्मेली सेनाको नियन्त्रणका क्षेत्रहरूमा बढी पप्पी उत्पादन हुने गरेको छ,' उनी ठोकुवा गर्छन् । बर्माको सैनिक संख्या बढ्दै गएको छ भने राम्रो नाफा हुने पप्पी आपूर्तिका लागि सञ्जाल नै खडा गरिएको छ, थाइल्याण्डस्थित विदेशी समाचार दाताहरूको क्लबमा बोल्दै उनले भने, '१९८८ भन्दा अगाडि शान राज्यमा ३३ बर्मेली सैनिक कार्यालयहरू थिएभने अहिले त्यो संख्या बढेर १ सय ४१ पुगेको छ ।'

पप्पी खेती र सेनाको संख्या बृद्धिमा सापेक्षता देखिएको छ । बर्माको जुन्टा शासकले बाहिरबाट सहयोग नपाएको झोकमा आत्मनिर्भर हुन पप्पीखेती गरेको हो, उनले आईपीएसलाई भने 'हरेक सैनिक एकाईले आफ्नो खर्च पुऱ्याउन आफै आम्दानीको स्रोत जुटाउनु पर्छ। लागू औषधबाट प्राप्त हुने पैसाले नै यी आवश्यकताहरू पूरा गर्न सकिन्छ। यसबाट सेनाका अधिकृतहरूलाई सबैभन्दा मोटो रकम कमिसन पुग्ने गर्दछ। मानवअधिकार कार्यकर्ता यहाँ ठूलो समस्यामा रहेका छन्। संयुक्त राष्ट्रसंघले बर्मामा पप्पी खेतीमा संलग्न व्यक्तिहरूको संख्या वृद्धि भएर २ लाख ५० हजारबाट ३ लाख पुगेको खुलासा गरेको छ । पप्पी खेतीमा संलग्न नागरिकलाई वैकल्पिक रोजगारीको अवसर दिलाउने प्रयास राष्ट्रसंघीय निकायबाट भएको छ । शान प्रान्तको बर्मेली सेनाको नियन्त्रणमा रहेको र अन्य क्षेत्रमा जहाँ पप्पी खेती भएको छ, त्यहाँ विकासका कार्यक्रमहरू लाने प्रयास भएको छ । 'बर्मामा नागरिकलाई जे सर्वाधिक उपयुक्त लाग्छ, त्यही पेशा अपनाउने स्वतन्त्रता प्राप्त छैन । पप्पी खेती गर्नैपर्छ भनेर उनीहरूलाई दबाब दिने गरिएको छ,' न्युर्योकस्थित विश्वव्यापी रूपमा अधिकारका लागि सरसल्लाह दिँदै आएको ह्युमन राइट्स वाचका लागि बर्माका सल्लाहकार डेबिड स्कट माथ्येजन भन्छन् ।

'विकासका लागि प्रोत्साहन दिन यो उपयुक्त बाटो होइन,' अन्तरवार्ताको क्रममा उनले भने- 'यो त अधोगामी मार्ग हो। सामुदायिक सहभागिताले पहिलो प्राथमिकता पाउनु पर्छ । स्थानीय विकास परियोजनामा

### अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

पूर्णरूपले संलग्न हुनका लागि स्थानीय जनतालाई पूर्ण स्वतन्त्रता हुनु आवश्यक छ,' उनले अन्तरवार्तामा भनेका छन् ।

स्थानीय रूपमा गरिएको अनुसन्धानले देखाएअनुसार पप्पी खेतीका विकल्पमा विकास परियोजनाले 'सम्पत्ति प्राप्तिमा स्थानीय व्यक्तिलाई प्राथमिकता दिदैन । उनले भने- मुलुकका धेरै परियोजनाहरू स्थानीय जनताको संलग्नता नभएकै कारण असफल हुन पुगेका छन् ।

जून महिनामा लागू पदार्थ तथा अपराधबारे राष्ट्रसंघीय कार्यालय (युएनओडिसी) ले आफ्नो वार्षिक प्रतिवेदनमा बर्मालाई निर्दिष्ट गरेको छ । दक्षिण पूर्वी एशियाली मुलुक बर्माको पप्पी खेती २००६ मा ३५ प्रतिशतले घटेको थियो । त्यसबेला २१ हजार ५ सय हेक्टर जमिनमा मात्र पप्पी खेती थियो, प्रतिवेदनले जनाएको छ । दशककै कुरा गर्ने हो भने ८३ प्रतिशतले पप्पी खेतीको परिमाण घटेको देखिन्छ, प्रतिवेदनमा खुलासा गरिएको छ ।

'दक्षिण-पूर्वी एशियाको मात्रा विश्वको लागूपदार्थ कारोबारमा ठूलो रहेको छ । विश्वमा अफिम आपूर्ति गर्ने मुलुकमा दक्षिण-पूर्वी एशियाली मुलुकहरूको योगदान ६७ प्रतिशतबाट घटेर २००६ मा १२ प्रतिशत हुन आएको छ । प्रतिवेदनमा जनाइएको छ- म्यानमारमा पप्पीखेती घट्न गएकै कारण दक्षिण-पूर्वी एशियाबाट हुने लागू औषध उत्पादनमा न्यूनता आएको हो ।

१९६२ सालमा सेनाले बलजफ्ती सत्ता हस्तगत गरेर बर्मामा आफ्नो अधिनायकत्व कायम गर्दै आएको छ । सत्ता हातमा लिएपछि सैनिक सरकारले पप्पी उत्पादनमा 'सुनौला त्रिभुज' नामको कुख्यात त्रिभुज क्षेत्र खडा गऱ्यो । लाओस र उत्तर-पूर्वी थाइल्याण्डको भूभाग पनि त्रिभुज क्षेत्रमा समेटिन पुग्यो । बर्माको शासक जुन्टा जसले मुलुकको नाम बदलेर म्यानमार राखेको छ, ले लागू पदार्थ घटाएको कुरा प्रचारमा ल्याएर अन्तर्राष्ट्रिय प्रशंसा र सहयोग हात पार्ने सोच बनाएको छ ।

चार लाखभन्दा ठूलो परिमाणमा रहेको बर्मेली सेना मुलुकको राजनीतिक वातावरणलाई गम्भीर बनाउन निर्णायक भूमिका खेल्दै आएको छ । सेनाले मुलुकको धेरै जातिगत विद्रोही आन्दोलनविरुद्ध सक्रियता देखाएको छ । यस्ता आन्दोलनहरू साना राज्यबाट समेत उठ्दै आएका छन् ।

शान प्रान्तमा १९९९ बाट अफिमविरोधी अभियान सुरु भएको हो । सो राज्यमा पप्पी खेती नगर्न जुन्टा र सान जनजाति समूहबीच सम्झौता पनि भयो । सहमतिमा आउनेहरूमध्ये केही पूर्वविखण्डनबादी पनि थिए, जसले आगामी २०१४ सम्ममा त्यस राज्यलाई पप्पीमुक्त क्षेत्र बनाउने घोषणा गरेका छन् ।

जनजातिहरूको सो अभियानलाई सैनिक शासककै कारण २००५ मा तोड्ने काम भयो । बर्मामा लागू औषधको नियन्त्रण हुनुपर्छ भन्ने जनजातिका नेताले पप्पी खेतीका बिरोधी हुने नै भए । शान राज्य र त्यसको छिमेकी समुदायका व्यक्तिले पप्पीबाली निर्मूल गर्ने घोषणा गरेका थिए, उनले कम्तीमा आफ्नो क्षेत्रलाई अफिममुक्त क्षेत्र बनाउने कार्यक्रम बनाएका थिए ।

त्यसै वर्ष युएनओडिसीले शानको पहाडी क्षेत्रमा पप्पीखेती पाइएको प्रतिवेदन सार्वजनिक गरेको छ । सो बेला ३२,८०० हेक्टर जमिनमा पप्पी खेती लगाइएको थियो तर पनि युएनओडिसी किन प्रसन्न रह्यो भने यसअघि ४४,२०० हेक्टर जमिनमा पप्पी खेती पाइएको थियो ।

युएनओडिसीले विश्व खाद्य कार्यक्रमभित्र लागू पदार्थमा संलग्न व्यक्तिहरूका लागि सहयोग गर्ने कार्यक्रम सुरु गऱ्यो । उसको कार्यक्रमले पप्पी खेतीको सट्टा अन्य बाली लगाउन अथवा जीवनवृत्तिको आधार खडा गर्न र लागू पदार्थविरुद्ध लाग्न कृषकलाई प्रेरित गऱ्यो । तर, पप्पी खेतीका ठाउँमा अन्य बाली लगाउँदा कृषकलाई ६० प्रतिशत कम आम्दानी हुने, आर्थिक सफ्ट सिर्जना हुने र गरिबी बढ्ने अवस्था सिर्जना भयो ।

शान राज्यमा राष्ट्रसंघीय खाद्य राहत निकाय कार्यक्रम सीमा क्षेत्रका १० लाख व्यक्तिलाई समेट्ने राष्ट्रव्यापी महत्वको कार्यक्रम हो । डब्लुएफपीले आजसम्म पनि स्थानीय व्यक्तिहरूलाई स्वतन्त्र ढङ्गले काम दिन तथा खाद्यान्न वितरण गर्न पाएको छैन । 'सान राज्यको समस्या के छभने, सरकारले जहाँ अनुमति दिन्छ हामी त्यहीं मात्र काम गर्नसक्छौं,' डब्लुएफपीका एसिया बिभाग प्रवक्ता पल रिस्ली भन्छन् ।

धरातलीय अबस्था स्थानीय किसानका लागि अनुकूल छैन । पप्पीबाहेक अन्य बाली लगाउने किसानहरूप्रति सरकारको बक्रदृष्टि देखिन्छ, अन्तरबार्ताको क्रममा उनले भने 'अन्न उत्पादन गर्ने कृषकलाई सुरक्षा जाँच नाकाहरूमा दुरुत्साहित गर्ने वा बिभिन्न अबरोध सिर्जना गर्ने गरिन्छ । यसले गर्दा उनीहरूलाई आफ्नो उत्पादन बिक्रीका लागि बजारसम्म पुऱ्याउन कठिनाइ पर्दछ ।

युएनओडिसीको अनुदान सहयोग पाउनका लागि पनि जनता अनुकूल अबस्थामा छैनन् । यसले गर्दा कार्यक्रमको सफलतामा प्रश्नचिन्ह खडा भएको छ । 'बर्माबाट अफिम निर्मूल हुने कुनै सम्भावना छैन । म्यानमारमा शान्ति तथा सुरक्षा स्थापनाका लागि पप्पी खेती नरोकी पनि भएको छैन,' बर्मास्थित राष्ट्रसंघीय निकायको कार्यालयका क्षेत्रीय गैरकानुनी बाली अनुगमनका विज्ञ जेभिएर बौआन भन्छन् ।

# भोपालमा रसायन दुर्घटनाको असर कायमै

– प्रफुल विद्वाई

नयाँदिल्ली (**आई.पी.एस्. /एन्. पी.आई.**) – मध्य भारतको भोपालमा अमेरिकी बहुराष्ट्रिय किटनाशक रसायनको कारखानामा विश्वकै दु:खद औद्योगिक दुर्घटना भएको एक युग वितिसकेको छ । दुर्घटनाका कारण कारखाना वरिपरिको माटो र पानीमा हजारौं टन विष मिसिन पुगेकोले शुद्धीकरणका लागि गरिनुपर्ने प्रयास आजसम्म सुरु हुन सकेको छैन । संयुक्त राज्य अमेरिकाको बहुराष्ट्रिय कम्पनी डो केमिकलले कारखाना क्षेत्रको सुद्धिकरणका लागि खर्चदिने कुरा गर्‍यो, तर निकटका क्षेत्रमा परेको असरलाई बेवास्ता गर्‍यो ।

भोपालमा १९८४ को डिसेम्बर महिनामा साइनाइड नामको विष-ग्यास चुहिएर ४ हजार व्यक्तिको तत्काल मृत्यु भएको थियो । यत्रो ठूलो क्षति गराएर पनि कानुनी दायित्वबाट डो मुक्त हुन चाहन्थ्यो ।

प्राकृतिक कानुनअनुसार डोले यस दुर्घटनाको सम्पूर्ण दायित्व लिनै पर्दछ । तर उसले प्रत्यक्ष तथा संयुक्तराज्य अमेरिकाको सरकारमार्फत भारतीय सरकारका उच्च अधिकारीहरूलाई दुर्घटनासम्बन्धी मुद्दामा पक्ष लिइदिन दबाब दिंदै आएको छ ।

यदि उसको प्रयास सफल भयो भने कारखाना वरिपरिको क्षेत्रको सफाइ गर्ने दायित्वबाट मुक्त हुनेछ । युनिएन कार्बाइड कर्पोरेशनबाट डोले सम्पत्ति र दायित्व २००१ मा सकारेको हो । उसले ९ हजार टन विषयुक्त रसायनले प्रदूषित बनाएको माटो, पानी र प्रभावित सो दुर्घटनामा परेका २५ हजारभन्दा बढी व्यक्ति प्रतिको दायित्व पनि डोले सकारेको छ । डो दायित्वबाट भाग्योभने उसले भारतमा लगानी गरेको ठूलो परिमाणको लगानी छोड्नुपर्ने हुन्छ ।

डोले पछिल्ला दिनहरूमा योजना आयोग, अर्थमन्त्री पि. चिदाम्बरम तथा बाणिज्यमन्त्री कमलनाथलाई दायित्वबाट मुक्तिका लागि दबाब दिनेगरेको छ । अमेरिका-भारत व्यापार परिषद्मा पनि डोले दबाब दिइरहेको छ । दबाबकै कारण दुवै मुलुकका व्यापारिक नेतृत्वमा तनाव सिर्जना भएको छ ।

दुर्घटनाप्रति चासो राख्ने व्यक्तिहरूका अनुसार नेथायल र अन्य विषयुक्त ग्यासको चुहावटका कारण ८ हजार व्यक्तिको मृत्यु भैसकेको । चुहावटको पहिलो साता ठूलो परिमाणमा रसायनको प्रभाव फैलिएको र २ लाखभन्दा बढी व्यक्तिहरू प्रभावित भएका थिए । यसले थप १५ हजारको मृत्यु गराएको र अपाङ्ग बनाएको, बाँचेकाहरूमा पनि विभिन्न प्रकारको समस्या देखिएको फोक्सो लगायतका अङ्गहरूमा व्यापक क्षति पुर्‍याएको देखिएको छ । कार्बाइड त्रुटिपूर्ण संरचना र लापर्वाहीका कारण भएको भयानक क्षतिबाट भाग्न सफल भयो । १९८९ मा भएको गोप्य सहमतिअनुसार ४७ करोड अमेरिकी डलर मात्र तिरेर ऊ पलायन भयो । तर, उसको आपराधिक दायित्व अहिले पनि जीवित छ ।

युनिएन कार्बाइड र यसका सञ्चालकहरूले भोपाल फौजदारी अदालतमा मुद्दाको प्रतिवाद गर्न अस्वीकार गरे । उनीहरू कानुनी उपचारमा आउन चाहेनन् । कार्बाइड भारतीय कानुनबाट भाग्यो, डोलाई कार्बाइडको उत्पादन प्रविधि र सेवा वेचेर उम्क्यो ।

'डोले जुन प्रस्ताव गरेको छ त्यसका कारण भारतीय सरकारसँग विवाद सिर्जना भएको छ,' सूचना तथा कार्यका लागि भोपाल समूहका साटिनाथ सारङ्गी भन्छन् । उनकै संस्थाले १९९० मा माटो र पानीमा विषयुक्त पदार्थ कायम रहेको यथार्थ पहिलो पटक पत्ता लगाएको थियो । 'सहकार्यमा पैसा खर्च गरेर बहुराष्ट्रिय संस्था चलाएपछि जे पनि गर्न सकिन्छ, पीडितहरूलाई पाखा लगाउन सकिन्छ भन्ने मानसिकताले बहुराष्ट्रिय कम्पनीमा जरा गाडेको छ । उद्योगबाट रसायन चुहेका कारण प्रभावित भएका व्यक्तिहरूका सन्तान पनि जन्मसिद्ध प्रभावित देखिएका छन् र क्यान्सर तथा

फोक्सो, मृगौला र कलेजो प्रभावित हुने समस्या पाइएको छ ।'

भारतीय सरकार यस विषयमा प्रष्ट रूपमा दुई खेमामा विभाजित छ । रसायन मन्त्रालय र खाद मन्त्रालय डोको पक्षमा रहेका छन् । उनीहरूले २ करोड ५० लाख अमेरिकी डलर तथा उपचारका लागि प्रारम्भमै भुक्तानी गरेकोले यस विषयलाई बारम्बार उठाइरहन नपर्ने विचार व्यक्त गरेका छन् ।

यसको ठीकविपरित कानुन मन्त्रालय डो दायित्वबाट उम्कन पाउँदैन, उसले कार्बाइडसँग २००१ मा गरेको सम्झौताले उसलाई दायित्वबाट उम्कन दिँदैन, उसको दायित्वको दायरा विस्तृत रूपमा अध्ययन गरिनुपर्छ भन्छ ।

भोपाल पीडित संगठनका अनुसार कार्बाइडले ग्यास चुहावटका कारण भएको घटनाप्रति आफ्नो दायित्व नदेख्नु ठीक होइन । युनियन कार्बाइडका केही सञ्चालकहरू जसमा पूर्व अध्यक्ष वारेन एण्डरसन पनि पर्दछन्, का बिरुद्ध मुद्दा चलेको थियो । एण्डरसन र सो संस्थाका भारतीय सहायक समेतका बिरुद्ध लापर्बाहपूर्ण व्य(वहारका कारण व्यक्तिहरूको मृत्यु भएकोमा भारतीय अदालतमा मुद्दा पऱ्यो ।

डोले अमेरिकी कम्पनी भएका कारण आफूलाई भारतीय कानुनले छुन सक्तैन भनेर अडान देखाउँदै आएको छ । डोको दायित्वका सम्बन्धमा आजसम्म पनि भारतीय अदालतले निर्देशन गरेको छैन । अदालतले करिव ३८६ टन विषादि खुला जमिनमा राखिएकोमा भने गुजरात शहरी क्षेत्रबाट सो हटाउन र जलाएर नष्ट गर्न आदेश दिएको छ ।

मध्य प्रदेश उच्च अदालत ८ हजार टन रसायनका बारेमा भने मौन रहेको छ । यो रसायन जमिनमुनि कारखाना रहेकै क्षेत्रमा र हजारौं टन अन्य वरिपरिका विभिन्न क्षेत्रमा रहेको छ । पीडितहरूको संगठनले रसायनिक पदार्थ जलाएर नष्ट गर्ने उपाय सुरक्षित छैन भनेर आपत्ति जनाएका छन् ।

वैकल्पिक माध्यमका रूपमा युनिलेभर कर्प्सले अपनाएको बाटो अनुशरण गर्न पीडितहरूले दबाब दिइरहेका छन् । मद्रास उच्च अदालतले तामिलको कोदाई कनालमा थुपारिएको २३० टन मर्करी नष्ट गर्न अमेरिका नै लैजाऊ भनेर आदेश दिएको थियो ।

दुई वर्षअघि भोपाल ग्यास पीडित महिला स्टेशनरी कर्मचारी संघ, भोपाल ग्यास पीडित महिला पुरुष संघर्ष मोर्चा विजिआइए लगायत डो केमिकल तथा इण्डियन आयल कर्पोरेसन नामको सार्वजनिक क्षेत्रबीच सम्पन्न सम्झौता भङ्ग गराउन सफल भए । सो सम्झौतामा युनियन कार्बाइडको अधिकृत प्रविधिको अनुमतिको व्यवस्था गरिएको थियो । जसमा डो कम्पनीको शतप्रतिशत सहयोग थियो ।

डोले इन्धन-रसायन प्रविधिको विक्रीका लागि रिलायन्स इण्डस्ट्रिज लिमिटेडसँग सम्झौता गरेको थियो । लिमिटेड भारतको ठूलो निजीक्षेत्रका कम्पनीहरूमध्ये एक हो । यो मुकेस अम्मानी समूहसँग सम्बन्धित छ ।

'प्रमाणका रूपमा प्रदूषित तथा विषादियुक्त बनेको क्षेत्र सफा गर्नु डो कम्पनीको दायित्व हो । हरेक दृष्टिकोणले यही तथ्य पुष्टि हुन आउँछ,' भोपालस्थित न्यायाधीशका लागि अन्तर्राष्ट्रिय अभियानका नित्यानन्दन जयरामनले भने 'यो अत्यन्त डरलाग्दो प्रवृत्ति हो । भारतीय सरकार डो कम्पनीको अगाडि निहुरिन पुगेको छ । विदेशी पूजी ठूलो परिमाणमा प्रत्यक्ष लगानी गर्न अनुमति दिइएको छ । १० अरब अमेरिकी डलरभन्दा अधिक रकम यस वर्ष मात्र लगानी भएको छ । यो क्रम यसै गरी नै अगाडि बढ्ने सङ्केत पाइएको छ,' जयरामनले यसको परिणामतिर दृष्टिगत गर्दै भने '१९८४ मा विदेशी लगानीको लापर्बाहीको स्वरूप प्रकट भैसकेको छ । यो दर्दनाक दृष्य देख्दादेख्दै पनि अमेरिका तथा अन्य ठूला सङ्क्रमणकालीन बहुराष्ट्रिय कम्पनीहरू प्रति सरकारको झुकाब बढ्नु आश्चर्य छ । प्रष्ट रूपमा कुल ग्राहस्थ उत्पादनको उच्चदरमा वृद्धि र भारत आर्थिक महाशक्तिका रूपमा विकसित हुने क्रममा रहेकोले विदेशी लगानीलाई महत्व दिइरहेको छ । चौथो विश्वका रूपमा यसले आफूलाई स्थापित गर्न खोजेको छ । यसले नागरिकको जीवनलाई भन्दा बहुराष्ट्रिय लगानीलाई महत्व दिएको छ ।

'यदि भारतीय सरकारले डोसँग आत्मसमर्पण गऱ्यो भने भारतका शक्तिशाली रतनटाटा (जो कम्पनीको तर्फबाट सल्लाह दिने गर्दछन्) जस्ता शक्तिशाली भारतीय उद्योगपतिहरू, सोही विचारका भारतीय केही मन्त्रीहरूका आडमा जनतालाई थप अपमान गर्दछन्,' कार्यकर्ताहरू भन्छन् ।

भोपालका अधिकांश पीडितहरूले ठूलो पीडाका लागि १५० भन्दा कम अमेरिकी डलर प्राप्त गरेका छन् र आजपनि पीडापूर्ण जीवन बाँचिरहेका छन् । मृतकका परिवारले ५ हजार डलरको सानो क्षतिपूर्तिमा चित्त बुझाउनुपरेको छ । भ्रष्ट अधिकारी राजनीतिज्ञ तथा मध्यस्थकर्ताका कारण जायज क्षतिपूर्तिको सम्भावना समाप्त भएको छ ।

# मानव तस्करी नियन्त्रणमा सञ्चारको योगदान

– लिनिट ली करपोरल

बैंकक (आई.पी.एस्./एन्.पी.आई.) – एशिया प्रशान्त क्षेत्रमा निकै लोकप्रिय रहेको एमटिभी संगीत च्यानलले निकट भविष्यमै फरक मोड अपनाउँदै छ। एमटिभी थाइल्याण्डका लागि सेप्टेम्बर ११ तारिखबाट आधा घण्टाको प्रत्यक्ष प्रसारण र मानव तस्करीको मुद्दालाई संगीतका साथ प्रस्तुत गरिनेछ । यसमा पीडितहरूलाई विषयवस्तु बनाइनेछ। यो कार्यक्रममा कुनै तडकभडक हुने छैन । गम्भीर विषयमा एमटिभीका युवा प्रशंसकहरू राति नसुती यो कार्यक्रम हेर्नेछन् ।

मानव तस्करीमा स्वभावतः मानिसले पाएका पीडालाई उजागर गरिने छ । अन्ना, एका र मिनाङ्गलगायतका पीडितका व्यक्तिगत भोगाइहरू प्रस्तुत गरिनेछन् । अन्ना फिलिपिन्समा लगेर बेश्यावृत्ति गर्न वाध्य पारिएकी युवती हुन् भने एका सिङ्गापुरमा घरेलु कामदारका रूपमा काम गर्दा यौन दुर्व्यवहारको शिकार भएकी इण्डोनेशियाकी महिला हुन् । बर्माकी मिनाङ्गले दुई वर्षसम्म थाई कारखानामा बन्धक बनेर काम गर्नु पर्दाको पीडादायक अनुभव सुनाएकी छन् ।

'मानव तस्करीका मुद्दामा एमटिभी किन संलग्न हुन पुग्यो ? प्रारम्भिक कुरा के भने हाम्रा दर्शकहरू १५ देखि २९ वर्ष समूहका छन् जो तस्करीमा पर्ने गर्दछन् । हामी यस उमेर समूहको समस्या सुल्झाउन चेतना अभिवृद्धिका लागि योगदान दिनसक्छौं भन्ने हामीलाई विश्वास छ,' शोषण तथा मानव तस्करीको अन्त्यका लागि एमटिभीको प्रयास नामक वृत्तचित्रको शुभारम्भ गर्ने कार्यक्रममा एमटिभी युरोप प्रतिष्ठान (एमटिभीइएफ) का कार्यकारी प्रमुख टम एहरले भने ।

सो कार्यक्रम लोकप्रिय थाई गायिका ताता योङ्गले चलाउँदैछिन् । सो कार्यक्रम बेलायतस्थित एमटिभीइएफ तथा एमटिभी नेटवर्कले अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी निकायको पूर्ण सहयोगमा तयार पारेका हुन् । वृत्तचित्र यस क्षेत्रमा विभिन्न व्यक्तिहरूले प्रस्तुत गर्नेछन् । यो जापान, ताइवान, चीन, फिलिपिन्स, इण्डोनेसिया, मलेसिया र सिङ्गापुरलगायतका मुलुकमा प्रसारण गरिने छ। अमेरिकी राजदूतावासका नियोग उपप्रमुख जेम्स इन्टउस्टलका अनुसार मानव तस्करीका शिकार हुने व्यक्तिको संख्या ठूलो रहेको छ । विश्वमा यो संख्या लाखौंदेखि करोडौं हुनसक्छ । 'निश्चित तथ्याङ्क नभए पनि मानव तस्करीको विषय माफी दिन लायकको होइन भन्ने कुरामा शङ्का छैन । त्यसैले नै २००६ मा अमेरिकी सरकारले सात करोड ४० लाख डलर मानव तस्करीको समस्या समाधानका लागि खर्च गऱ्यो सो रकम उसले ७० मुलुकहरूमा लगानी गरेको छ,' उनले भने ।

राष्ट्रसंघको एक अनुमानअनुसार मानव तस्करीमा ३२ अरब अमेरिकी डलर बराबरको कारोबार हुने गर्दछ ।

'हामीले विभिन्न संस्थाहरूसँग काम गरेका छौं र यस विषयका ज्ञाताहरूसँग कस्तो प्रकारका मानव तस्करीका विषयमा काम गर्नुपर्ला भनेर पनि सल्लाह लिएका छौं। हामी हाम्रा दर्शकहरू प्रभावित हुने पक्षमा बढी केन्द्रित हुनेछौं । हामीले मुद्दाले सबैभन्दा बढी प्राभावित बनाएको क्षेत्र चयन गरेका छौं । थाई उत्पादक तथा बेलायती निर्देशकको नेतृत्वमा वृत्तचित्र निर्माण समूहलाई सम्बद्ध क्षेत्रमा पठाएका छौं,' एमटिभी थाइल्याण्ड प्रचार निर्देशक सिमोन गफले आईपीएसलाई भने ।

'गफका अनुसार पूर्व उत्पादन कार्यका लागि ६ हप्ता समय लाग्यो, यसमा अनुसन्धान र स्रोत जुटाउने काम पनि समावेश छ । अर्को ६ हप्ता वृत्तचित्र छायाङ्कनमा वित्यो भने अझ अर्को ६ हप्ता उत्पादन पछिको कामका लागि खर्च भयो । यस अनुसार साढे ४ महिनामा उत्पादन पूरा भयो,' उनले भने ।

मानव तस्करीको गम्भीर र भावविह्वल बनाउने सन्दर्भका अतिरिक्त बलात्कार, पिटाइ र दुर्व्यबहारलाई पनि वृत्तचित्रमा

समेटिएको छ । वृत्तचित्रमा ती युवतीहरूलाई बेच्न लाने र ग्राहक जसले खुला रूपमा अपराध स्वीकार गरेको छ, को पनि अन्तरवार्ता समेटिएको छ । अन्तरवार्ताका क्रममा फिलिपिनी कोठी सञ्चालक 'द चियर म्यान' ले कलिलो उमेरका केटीहरूलाई जबर जस्ती वेश्यावृत्तिमा लगाएको र किशोरीहरूले पीडापूर्ण अनुभव गरेको सन्दर्भ समेटिएको छ । वृत्तचित्रमा अमा भनिने एक चिनिया ग्राहकले तस्करीमा परेका युवतीहरूलाई खरिद गरेको सन्दर्भ संवादमा समेटिएको छ ।

यस प्रकारका अन्तरवार्ताहरू लिन उनीहरू कसरी सफल भए भनी गरिएको प्रश्नमा गफ भन्छन्, 'हामीसँग निकै राम्रो कार्यक्रम उत्पादक समूह थियो । अर्को कुरा, हामीलाई वृत्तचित्रका लागि पीडित व्यक्तिहरू पाउन पनि कठिन भएन तर द चियर म्यान र अमासँग कुराकानी गर्न भने निकै मुस्किल पऱ्यो ।'

गफका अनुसार वृत्तचित्र निर्माण गर्दा खासगरी पत्रकारहरूले राम्रो सहयोग गरे । उनीहरूले नै सम्बन्धित व्यक्तिसम्म पुऱ्याइ दिए । 'विभिन्न सम्पर्क सूत्रसँग कुराकानी गरेपछि हामी बल्ल फिलिपिनी तस्करसम्म पुग्न सक्यौं । उसलाई हामीले हाम्रो वृत्तचित्रमा बोलिदिनुपऱ्यो भनेर अनुरोध गरौं र उसले मञ्जुरी पनि जनायो । ऊसँग हामीले धेरै खुसामत पनि गर्नु परेन,' गफले भने । 'जब टोलीले वृत्तचित्र छायाङ्कन सुरु गऱ्यो, त्यसबेला भने सतर्क देखियो । तर रोचक कुरो के भने, छायाङ्कन गर्नेबेला उसले मजासँग कुरा गऱ्यो र छायाङ्कन टोलीलाई दङ्ग बनायो । ऊ बेश्यावृत्तिमा संलग्न आफ्नो कोठीका महिलाका साथ आउथ्यो । उसले ती महिलालाई के गऱ्यो र कस्तो वचन दिएको छ र ऊ कसरी काम गर्छ भन्ने कुरा खुलस्त पाऱ्यो । विशेष महत्वको कुरो त के भने क्यामरामा अनुहार देखाउन पनि ऊ तयार भयो । यो साच्चै आश्चर्यको कुरो थियो,' । मानव तस्करीमा संलग्न व्यक्तिले अनुहार देखाउन स्वीकृति जनाए पनि एमटिभीले उसको सुरक्षालाई ख्यालमा राखेर परिचय खुलाएन । 'त्यसो गरेको खण्डमा उसको ठेगाना बताइदिने पत्रकारहरूको जीवन खतरामा पर्न सक्थ्यो । यदि उसलाई कसैले केही गरेको खण्डमा उसका परिवारले पत्रकारमाथि बदला लिनसक्ने सम्भावना थियो, त्यसैले आफ्नो दायित्व पूरा गर्दै हामीले उसको पूर्ण परिचय खुलाएनौं, उनले व्याख्या गरे ।

वृत्तचित्रको प्रचारका क्रममा त्यस कार्यलाई समाजको दुर्भाग्यपूर्ण अवस्था भनिएको छ । टाटा योङ्गले क्यामराको अगाडि बसेर कुरा गरेपछि विरामी भएजस्तो अनुभव गरिरहेकी छन् । 'म घर गएँ, उल्टी भयो । किशोरीहरूमाथि कुन प्रकारको दुर्व्यबहार भएको रहेछ भन्ने थाहा पाएपछि मैले खप्न सकिन । सो घटनाले मलाई चोट पुऱ्यायो र मैले यस सामाजिक विकृतिविरुद्ध कसरी जनचेतना बढाउन सक्छु र समस्या समाधानमा सहयोग पुऱ्याउन सक्छु भन्ने चिन्ता लागिरहयो,' उनले भनिन् ।

गफले वर्तमान चुनौती इङ्गित गर्दै यस वृत्तचित्रले तस्करीमा परेका किशोरी तथा महिलामाथि सहानुभूति विकास हुने र मानव तस्करी रोक्न चेतना बढाउने विषय नै अहिलेको चुनौती हो । 'आखिरमा समयले हामीलाई बताउने छ । हामीले सुरु गरेको प्रचार अभियान सञ्चार माध्यममार्फत सार्वजनिक हुने नै छ । वृत्तचित्रले समाजमा कति गम्भीर समस्या रहेछ, समाधानका लागि सबैलाई गम्भीर हुन वाध्य पार्नेछ,' उनले भने ।

थाइल्याण्डको विषय अझ गम्भीर रहेको उनको धारणा छ । यो समस्या थाई किशोरी वा महिला बाहिर पुगेर शोषित भएका मात्र होइन मिनाङ्गजस्ता महिला पनि यहाँ रहेछन् जो अन्य मुलुकबाट थाइल्याण्डमा आएका छन् र पीडित बनेका छन् भन्ने तथ्यलाई पनि बृत्तचित्रले उजागर गरेको छ ।

मानव तस्करीका विषयमा कलम चलाउने अनलाइन माध्यमले थाइमहिला अस्ट्रेलिया, बहराइन, जापान, मलेसिया, सिङ्गापुर, साउथ अफ्रिका, ताइवान, युरोप र उत्तर कोरियामा देहव्यापारमा संलग्न भएको र शोषित बनेको व्यहोरा उल्लेख गरेको छ । humantrafficking.org ले ठूलो परिमाणमा बर्मेली, लावस, क्याम्बोडियाली र चिनीया महिलाहरू थाइल्याण्डमा आएर खेतीबाली लगाउने, माछा मार्ने र देह व्यापार गर्ने लगायतका धन्धा गर्दछन् ।

'थाइल्याण्ड बिभिन्न क्षेत्रको आवागमनको गौंडो हुनपुगेको छ । त्यसैले कुनै पनि मुलुकबाट महिला यहाँ आउनु र कुनै पनि धन्धामा सरिक हुनु अस्वाभाविक होइन । विभिन्न पीडाको शिकार बनेका महिलाहरू सहानुभूतिका पात्र रहेको पनि सो अनलाइनले जनाएको छ । उनीहरूलाई हामी आफ्नै देशमा फर्क र मानव तस्करीबिरुद्ध सक्रिय भएर कार्य गर भनिरहेका छौं,' गफले भने ।

वृत्तचित्रले मानव तस्करीका समस्या सुल्झाउनका लागि व्याबहारिक सुझाव पनि दिएको छ । गैरकानुनी व्यापारमा सरिक भएर वदनाम नहुन र जीवन बरवाद नगर्न कलिलो उमेरका केटीहरूलाई शिक्षा तथा सूचना पनि प्रदान गरिएको छ । 'स्थानीय सन्दर्भमा कुरा उठाइएको भएता पनि यो विश्वकै लागि अभियान हो । हामी हाम्रा दर्शकहरूले यसलाई आफ्नो देशको समस्याका रूपमा मात्र नलिएर विस्तृत रूपमा अङ्गीकार गर्न सकून् भन्ने चाहना राख्दछौं,' उनले भने ।

# जापानमा शौचालय 'फ्लस गर्ने' समस्या

– सुभेन्द्रिनी काकुची

टोकियो (आई.पी.एस्. ⁄एन्.पी.आई.) – विश्वमै प्राविधिक क्षमतामा उत्कृष्टता हासिल गरेको जापानमा शौचालय फ्लस गर्ने समस्या ? यो आफैमा आश्चर्यको विषय होइन ? जापान पनि विश्वका थुप्रै मुलुकहरूमा जस्तै टुक्रुक्क बस्ने शौचालयलाई छोडेर केही दशकयता 'ककपिट' मा अभ्यस्त छ । युद्धकालपछि भएको प्रविधिको विकासका साथ जापानले शौचालयमा पनि स्वाभाविक परिवर्तन ल्याएको छ ।

तर जापानका लागि स्वाभाविक बनेको प्रविधि पनि अन्य मुलुकबाट यहाँ आउने अतिथिका लागि अलमलको विषय हुने गर्दछ । प्रायः शौचालयमा जहाँ फ्लसका लागि थिच्ने बटम हुन्छ त्यहीं र त्यस्तै स्वरूप नभएको संरचना प्रयोगकर्ताका लागि समस्या बन्दछ । खासगरी जापानी शैलीका 'सुट्स' (ठूला होटेलमा बनाइएको विशेष सुविधासम्पन्न आवास) मा बस्न आउने विदेशीका लागि शौचालय फ्लस समस्याको विषय बन्दछ ।

'पुरानो शैलीको शौचालयको प्रयोग गर्दा सरसफाइमा समस्या आउने र फोहर देखिने भएका कारण नयाँ प्रविधि अपनाइएको हो । आज जापानी घरहरूमा शौचालय गौरव गर्ने बस्तुका रूपमा स्थापित भएको छ,' जापान शौचालय संघ (जेटिए) का प्रवक्ता कू यु भन्छन् ।

यूका अनुसार आधुनिक शौचालयले सरसफाइ, स्वास्थ्य र जीवन पद्धतिप्रति जापानीहरूको रुचि प्रतिविम्बित हुन्छ । प्रविधि तीव्र रूपमा विकास भैरहेको छ । यू र उनीजस्ता अन्य व्यक्तिहरू जो फ्लस गर्ने शैलीका शौचालयको प्रवर्द्धनमा लागेका छन्, लाभान्वित पनि भएका छन् । मुलुकमा फ्लस गर्ने प्रविधिका शौचालय ८८ प्रतिशत रहेका छन् । एक दशकअघि ५० प्रतिशत मात्र यस्ता शौचालयहरू थिए, जापान ढल निकास संगठन जानकारी गराउँछ ।

फ्लस विधिका शौचालयमा अपनाइएको प्रविधि पनि बदलिइ रहेको छ । कमोटको बस्ने भाग न्यानो स्वतः फ्लस हुने लगायतका विभिन्न सुविधा युक्त छन् । ट्वाइलेट पेपरको प्रयोग गर्न नपर्ने, चिसो भाग ओभाउन स्वपरिचालित ड्रायरको प्रयोग आदिमा विविध शैली अपनाइएको हुन्छ ।

शौचालय निर्माणमा नाम कमाएको टुटु लिमिटेडले विभिन्न सुविधायुक्त शौचालय तयार पार्दछ । जेड श्रृखला नाम दिइएको पछिल्लो सुविधासम्पन्न शैलीमा नयाँ प्रविधि जडान गरिएको छ । जसले विद्युतीय माध्यमद्वारा स्वास्थ्य सम्बन्धी तथ्याङ्क पनि देखाउँछ । रक्तचाप र पिसावका माध्यमले पत्ता लाग्ने रोग पनि इंगित गर्दछ ।

**उच्च प्रविधिका शौचालयको मूल्य ३५०० देखि ५००० अमेरिकी डलर भन्दा माथिसम्म पर्छ ।**

**फ्लस स्नानगृहको अभ्यासले १९७० र ८० को दशकमा अर्थतन्त्रको वृद्धि गर्न सुरु गर्‍यो ।**

**जापानमा शौचालय दिवस पनि मनाइन्छ । आगामी नोभेम्बर १० तारिखमा सो दिवस मनाउनका लागि शौचालयसम्बन्धी सचेतना कार्यक्रमहरू गर्न थालिएको छ ।**

पछिल्लो टुटु शौचालयका उत्पादनले प्रयोगकर्ताको स्वास्थ्य स्थिति देखाउँछ, जो पछिल्ला निर्माणकर्ता र सुविधासम्पन्न होटलहरूमा लोकप्रिय भएको छ,' । भवन निर्माण कम्पनीमा प्रमुख रहेको दाइवा होम्सका प्रवक्ता चाइनो जानकारी गराउँछन् ।

उच्च प्रविधिका शौचालयको मूल्य ३५०० देखि ५००० अमेरिकी डलर भन्दा माथिसम्म पर्छ र जडानका लागि पनि त्यतिकै खर्च लाग्दछ । अधिकांश नयाँ घरधनीहरू यो महँगो मूल्य वहन गर्न सक्तैनन् । चाइनो शौचालयले उपभोक्ताको वा घरधनीको स्तर मापन गर्ने मान्यता भने यथावत रहेको बताउँछन् ।

यस प्रकारको सार्वजनिक मान्यता हासिल गर्न कडा मेहनत गरेर पैसा नकमाएसम्म सम्भव हुँदैन । ढल निकासका विज्ञ आठसुसी काटो लामो समयदेखि सुविधासम्पन्न शौचालयको पक्षमा वकालत गर्दै आएका छन् । उनी भन्छन्, फ्लस स्नानगृहको अभ्यासले १९७० र ८० को दशकमा अर्थतन्त्रको वृद्धि गर्न सुरु गर्‍यो ।

'त्यसबेला जापानी अर्थतन्त्रको वृद्धि भएको र उपभोक्ताहरू राम्रो आवाज सामग्रीहरू- रेफ्रिजेरेटर, वासिङमेसिन आदि खरिद गर्न सफल भएको पाइन्छ । त्यसबेला हामीले सरकारलाई ढल निकास प्रविधिमा परिवर्तन ल्याउन पर्याप्त पानी आपूर्ति गर्न र ग्रामीण क्षेत्रमा पनि सो सुविधा उपलब्ध गराउन वकालत गर्‍यौं । यस आवश्यकतामा सर्वसाधारणलाई शिक्षित गराउन सकियो, त्यही नै हाम्रो सफलता हुन आयो,' उनले भने ।

'जेटिएले लगातार शौचालय सफा राख्न र उच्चस्तरको स्वास्थ्य स्थिति बनाउन लगातार बैठक र कार्यशाला गर्दै आएको छ । शौचालयको प्रयोगपछि सफाइका लागि पानीको प्रयोग जापानी संस्कारभित्र पर्दैन तर जब सरसफाइले दिने लाभका बारेमा उनीहरू परिचित हुन्छन् तब स्वाभाविक रूपले आफ्नो बानी पनि उनीहरू बदल्ने छन्,' काटो भन्छन ।

जापानमा शौचालय दिवस पनि मनाइन्छ । आगामी नोभेम्बर १० तारिखमा सो दिवस मनाउनका लागि शौचालयसम्बन्धी सचेतना कार्यक्रमहरू गर्न थालिएको छ ।

सचेतना कार्यक्रमहरू विभिन्न पक्षमा केन्द्रित छन् । पानी दुरूपयोग नगर्ने, उचित पाइप र ढलको प्रयोग गर्ने, शौचालयको प्रयोगपछि हात धुने, बढी ट्वाइलेट पेपरको प्रयोग गर्दा वातावरण प्रभावित हुनपुग्नेजस्ता विषयमा जनचेतना बढाउने काम भैरहेको छ । यस प्रकारका कार्यक्रमले शौचालयको विषय पनि छलफलका लागि उपयुक्त रहेको र एक-आपसमा ज्ञान बाँडचुड गर्न आवश्यक रहेको तथ्य जापानीहरूले बुझेको यूको विश्लेषण छ ।

विद्यालयहरूमा शौचालय शिक्षा, ढल निकासबारेको जानकारी र फोहर वस्तुको उचित तरिकाले धुलीकरण प्रक्रियाका बारेमा पाठ्यपुस्तकमा समावेश गरिएको छ । यसपालि मनाइने शौचालय दिवसको विषयमा पर्यटक केन्द्रहरूमा राम्रोसँग फ्लस हुने शौचालयहरू बनाउने आग्रहलाई समेटिएको छ ।

अहिले पनि जापानमा ३० प्रतिशत नागरिकहरू फ्लस शौचालय नभएका ठाउँमा र ढल निकासको सुविधा नभएको अवस्थामा बसोबास गर्दछन्, निर्माण मन्त्रालय जानकारी गराउँछ ।

सतप्रतिशत घरहरूमा यस प्रकारको सुविधा सम्पन्न शौचालयको निर्माण गर्न बढी खर्च लाग्छ । काटोका अनुसार ग्रामीण क्षेत्रमा पातलो बस्ती हुने र धेरै पाइप खर्च हुने अवस्था छ । ग्रामीण क्षेत्रका व्यक्तिहरू शहरले प्रयोग गर्ने आधुनिकतालाई आडम्बरको रूपमा लिन्छन् र सादा जीवन जिउन मनपराउँछन् । ग्रामीण क्षेत्रमा फ्लस शौचालयको प्रयोग गर्ने व्यक्तिहरूको प्रतिशत निकै थोरै अर्थात् ५४ प्रतिशत मात्रै छ ।

जे भएपनि जापानमा फ्लस शौचालयको प्रयोगमा जे जति सफलता मिलेको छ, त्यसका लागि जेटिएलाई जस दिनुपर्ने हुन्छ । उसले विकासशील मुलुकहरूमा आधुनिक शौचालयको प्रयोग गर्न पनि प्रेरित गरेको छ ।

यूका अनुसार जेटिएले जाम्विया र श्रीलङ्कामा स्थानीय समुदायलाई उपयुक्त ढंगको शौचालय निर्माणको लागि सचेतना कार्यक्रम चलाएको र आफ्नै शौचालय बनाउन प्रेरित गरेको छ । जापानी स्वयंसेवीहरूको संलग्नता यी कार्यक्रमहरूमा महत्वपूर्ण छ ।

यू भन्छन्, जापानमा शौचालय-क्रान्ति आउनुभन्दा अगि जापानको जुन अवस्था थियो त्यही अवस्था आज विश्वका धेरै विकासशील मुलुकहरूमा रहेको देखिन्छ । 'दिसा बस्ने ठाउँको पनि के कुरा गर्नु, छिः' भन्ने मानसिकता उनीहरूको छ । शौचालयलाई महत्व दिने संस्कारको विकास भएको छैन । तर जब जनचेतनाको विकास हुन्छ तब जापानमा जस्तै ठूलो परिवर्तन देखापर्नेछ ।

# इराकले मृत्युदण्डको सजायमा राष्ट्रसंघलाई टेरेन

– थालिफ डिन

संयुक्त राष्ट्रसंघ (**आई.पी.एस्./ एन्.पी.आई.**) – मानवअधिकार सम्बन्धी राष्ट्रसंघको एक प्रतिवेदनले राष्ट्रसंघ तथा यसका मानवअधिकार निकायहरूले मृत्युदण्डको सजाय नदिन र त्यसलाई अन्य सजायमा बदल्न आग्रह गर्दागर्दै पनि अटेर गरेकोमा इराकी सरकारको आलोचना गरेको छ ।

प्रतिवेदनका लेखक तथा विशेष समाधिक्षक लिण्ड्रो डेस्पाईले इराकले कायम राखेको मृत्युदण्डका सजायका सम्बन्धमा उल्लेख गर्दै न्यायाधीश तथा वकिलहरूलाई स्वतन्त्रतापूर्वक काम गर्न नदिएको र अभियुक्तलाई सफाइ दिने अवसरबाट पनि वञ्चित गरेको उल्लेख गरेका छन् ।

उनको अध्ययन प्रतिवेदनमा २००३ मा राष्ट्रसंघको परिसरमा बम विष्फोट गराएको कसुरमा बन्दी जीवन बिताइरहेका व्यक्तिलाई मृत्युदण्ड दिइएको विषयलाई इङ्गित गर्दै कडा शब्दमा आलोचना गरिएको छ ।

महासभाको १८ सेप्टेम्बरबाट सुरु हुने ६२ औं बैठकमा प्रस्तुत गरिने सो प्रतिवेदनमा डेस्पाईले भनेका छन्, 'अराज अब्देल अजिज महमुद आइदलाई जुन परिवेशमा मृत्युदण्ड दिइयो त्यो अत्यन्त गम्भीर चासोको विषय हुन आएको छ ।' साइदले राष्ट्रसंघीय कार्यालयविरुद्ध सो बम विष्फोटन गराएको स्वीकार गरिसकेका थिए ।

राष्ट्रसंघले मृत्युदण्ड नदिन विषेश रूपले आग्रह गर्दा पनि आइदलाई सो सजाय दिइएकोमा डेस्पोईले इराकी सरकारको आलोचना गरेका हुन् । राष्ट्रसंघले इङ्गित गरेरै बम काण्डमा संलग्न आइदको मृत्युदण्डको सजाय खारेज गर्न अनुरोध गरेको थियो । 'राष्ट्रसंघीय कार्यालयविरुद्ध गरिएको आक्रमणमा दोषी मानिएका आइदले जसलाई पीडा पुऱ्याएका थिए सोही पक्षले आफ्नो अधिकार प्रयोग गर्दै निजलाई माफी दिन भनिएकोमा त्यसो नगर्नु उसको अधिकारको उल्लङ्घन हो । त्यस बम आक्रमणमा सर्जिओ भेरा दे मेलोलगायत २२ जना व्यक्तिको जीवन गुमेको थियो,' भिरा राष्ट्रसंघमा कार्यरत ब्राजिलका नागरिक हुन् ।

बम आक्रमण हुँदा भिरा दे मेलो बग्दाद हेर्ने कार्यालयका प्रमुख थिए । यसका अतिरिक्त उनी राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्त तथा इराकका लागि महासचिवका विशेष प्रतिनिधि थिए ।

डेस्पोईले आफ्नो प्रतिवेदनमा भनेका छन्, 'इराकमा आज पनि मृत्युदण्डको सजाय कायम छ, जुन अत्यन्त गम्भीर विषय हो ।' त्यसो नगर्न उनले र राष्ट्रसंघीय अन्य निकायले बारम्बार अनुरोध गरे तर कानमा बतास लगाइएन ।

इराकको सन्दर्भमा अन्य पक्ष पनि उजागर गर्दै उनी भन्छन्, 'सद्दाम हुसेनका पालामा गरेको अपराधका लागि आज आएर मृत्युदण्डको सजाय कार्यान्वयन गर्नु आफैमा बिडम्बनापूर्ण हो । यसले गर्दा नागरिक अधिकारको घोर उल्लंघन हुन पुगेको छ ।'

गत जनवरी महिनामा मानव अधिकारका लागि राष्ट्रसंघीय उच्चायुक्त लुइस आर्बरले इराकी राष्ट्रपति जलाल तालवानीलाई सद्दाम हुसेनका दुई पूर्व मित्रहरूलाई माफी दिन अनुरोध गर्दै विशेष सार्वजनिक अपिल गरेकी थिइन् ।

पूर्व इराकी राष्ट्रपति सद्दाम हुसेनका दुई पूर्वअधिकारीहरू अवाद हमाद अलबाण्डर तथा बार्जान इब्राहिम अलहसनलाई लुइसको अनुरोध उल्लंघन गर्दै मृत्युदण्ड दिइयो ।

'केही दिनअघि मैले सद्दाम हुसेनका विषयमा अदालतमा चलेको कारबाही शुद्ध तथा निष्पक्ष रूपमा हुनुपर्छ भन्दै यी दुई प्रतिवादीलाई पनि सोही नियम लागू हुनुपर्छ भनेकी थिए,' आरबरले भनिन् ।

आरबरले बर्तमान अवस्थाको अन्तर्राष्ट्रिय कानुन प्रति इंगित गर्दै कुनै पनि अपराधमा व्यक्तिलाई मृत्युदण्डको सजाय दिने कार्य ठीक हुन सक्तैन, कुनै पनि बैकल्पिक परिमापकले हेर्दा पनि यसलाई सही ठहऱ्याउन सकिन्न । गत अप्रिल महिनामा प्रकाशित गरिएको प्रतिवेदनमा लण्डनस्थित मानव अधिकारकर्मी संस्था एम्नेस्टी इन्टरनेशनलले विश्वमा इराक ठूलो परिमाणमा मृत्युदण्ड दिने चौथो ठूलो राष्ट्र रहेको खुलासा गरेको छ । उसका अनुसार चीन, इरान र पाकिस्तान क्रमश: पहिलो, दोस्रो र तेस्रो नम्बरमा पर्न आउँछन् ।

२००४ को मध्ययता मात्र इराकमा कम्तीमा २७० जनाले मृत्युदण्डको सजाय पाइसकेका छन् । 'पक्षपातपूर्ण अदालती कारबाहीका कारण,' सयभन्दा बढी व्यक्तिहरू झुण्ड्याइएका छन् । यीमध्ये केही सद्दाम हुसेनको शासन कालका वरिष्ठ अधिकारीहरू रहेका छन् ।

राष्ट्रसंघीय प्रावधानअनुसार हुसेनलाई निस्कासन गरिएपछि मृत्युदण्डको सजाय निलम्वित गरिएको थियो तर पछि इराकको अन्तरिम सरकारले २००४ को अगस्ट महिनामा मृत्युदण्डको सजाय पुन: कार्यान्वयनमा ल्यायो ।

सरकारले इराकमा गम्भीर प्रकृतिका अपराध हटाउन र सुरक्षा अवस्था कायम राख्न मृत्युदण्डको सजाय फर्काउनु परेको विचार व्यक्त गर्दै आएको छ ।

तर, यस तर्कलाई एम्नेस्टी इन्टर नेशनलले ठाडै चुनौती दिँदै मृत्युदण्डको पुनरागमनपछि इराकमा अझ अशान्ति भड्किएको छ, त्यसैले यसले शान्ति र अमन चयन कायम राख्न मद्दत गरेको स्वीकार गर्न सकिन्न । एम्नेस्टी इन्टरनेशनलले मृत्युदण्डका कारण इराकी समाज निर्दयतापूर्वक दमित हुन पुगेको जनाएको छ ।

गएको जनवरीमा मृत्युदण्डको विषयमा अस्पष्ट वक्तव्य जारी गर्दै राष्ट्रसंघीय महासचिव बान कि मुनले सद्दाम हुसेनको मृत्युदण्डलाई झण्डैझण्डै स्वागत गर्न पुगे । उनको वक्तव्यलाई पछि आधिकारिकता प्रदान गर्ने काम पनि भयो ।

मृत्युदण्डको सजाय विश्वव्यापी रहेको दिशामा सबैको ध्यानाकार्षण गर्ने प्रयास गर्दै बानले भने 'जीवन अमूल्य र सुरक्षा गर्नैपर्ने वस्तु हो । मानव जातिले सम्मानका साथ जिउन पाउनु पर्दछ । अन्तर्राष्ट्रिय कानुनको मान्यता पनि यही रहेको छ,' ।

'अन्तर्राष्ट्रिय कानुन तथा राष्ट्रिय अभ्यासमा पनि मृत्युदण्डको सजायलाई खारेज गर्ने प्रवृत्ति बढिरहेको मैले पाएको छु । त्यस प्रवृत्तिको म स्वागत गर्दछु,' बानले भने ।

राष्ट्रसंघका सदस्य मुलुकहरूले सही निर्णय लिने नै छन्, उनले भने- 'अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका सम्पूर्ण क्षेत्रहरूको सम्मान गर्नु सबैको कर्तव्य हो । इराकी उच्च अस्थायी अदालतले मृत्युदण्ड कारबाही गर्न दिएको निर्देशन पालना नगर्न इराकी सरकारलाई मैले अनुरोध गरेको छु ।'

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :**


npiktm@wlink.com.np